प्रदेश लोक सेवा आयोग

# लुम्बिनी प्रदेश, बुटवल

## प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवा अन्तर्गतका देहायका सेवा समूहका सहायक स्तर पाँचौँ तहका (अप्राविधिक/प्राविधिक) पदहरूमा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना ।

**सूचना नं. १७०/०८२-०८३** **प्रकाशन मिति २०८२/०९/२५**

प्रदेश निजामती सेवा ऐन, २०८० र स्थानीय निजामती सेवा ऐन, २०८१ बमोजिम देहायका पदहरूमा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा गरिने भएकोले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगवाट निर्धारित ढाँचाको दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८२/१०/२९ गतेसम्म दरखास्त दिनु हुन यो सूचना प्रकाशन गरिएको छ।

| क्र. सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह | ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | १३५/०८२-८३ | वरिष्ठ प्रशासन सहायक | पाँचौँ | प्रदेश प्रशासन/सामान्य प्रशासन | ५ |
| २. | १३६/०८२-८३ | वरिष्ठ प्रशासन सहायक | पाँचौँ | स्थानीय प्रशासन/ सामान्य प्रशासन | ५ |
| ३. | १३७/०८२-८३ | लेखापाल | पाँचौँ | प्रदेश प्रशासन/लेखा | २ |
| ४. | १३८/०८२-८३ | वरिष्ठ लेखा सहायक | पाँचौँ | स्थानीय प्रशासन/लेखा | १ |
| ५. | १३९/०८२-८३ | आन्तरिक लेखा परीक्षण सहायक | पाँचौ | स्थानीय प्रशासन/आ.ले.प. | १ |
| ६. | १४०/०८२-८३ | तथ्याङ्क सहायक | पाँचौँ | प्रदेश प्रशासन/तथ्याङ्क | १ |
| ७. | १४१/०८२-८३ | हेल्थ असिस्टेन्ट | पाँचौँ | प्रदेश स्वास्थ्य/हेल्थ इन्सपेक्सन | १ |
| ८. | १४२/०८२-८३ | हेल्थ असिस्टेन्ट | पाँचौँ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | २ |
| ९. | १४३/०८२-८३ | स्टाफ नर्स | पाँचौँ | प्रदेश स्वास्थ्य/जनरल नर्सिङ | ४ |
| १०. | १४४/०८२-८३ | स्टाफ नर्स | पाँचौँ | स्थानीय स्वास्थ्य/जनरल नर्सिङ | १ |
| ११. | १४५/०८२-८३ | कम्युनिटी नर्स | पाँचौँ | स्थानीय स्वास्थ्य/क. नर्सिङ | १ |
| १२. | १४६/०८२-८३ | ल्याब टेक्निसियन | पाँचौँ | प्रदेश स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे. | १ |
| १३. | १४७/०८२-८३ | सब इन्जिनियर | पाँचौँ | प्रदेश इन्जिनियरिङ/सिभिल/इरिगेशन | १ |
| १४. | १४८/०८२-८३ | सब इन्जिनियर | पाँचौँ | स्थानीय इन्जिनियरिङ/सिभिल | ३ |
| १५. | १४९/०८२-८३ | सब इन्जिनियर | पाँचौँ | प्रदेश इन्जिनियरिङ/इलेक्ट्रिकल/ज.इ. | १ |
| १६. | १५०/०८२-८३ | ल्याब टेक्निसियन | पाँचौँ | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | १ |
| १७. | १५१/०८२-८३ | सर्वेक्षक | पाँचौँ | स्थानीय इन्जिनियरिङ/सर्भे | १ |
| १८. | १५२/०८२-८३ | कृषि प्रसार प्राविधिक | पाँचौँ | प्रदेश कृषि/कृषि प्रसार | १ |
| १९. | १५३/०८२-८३ | कृषि प्राविधिक | पाँचौँ | स्थानीय कृषि/कृषि प्रसार | १ |
| २०. | १५४/०८२-८३ | बागवानी प्राविधिक | पाँचौँ | प्रदेश कृषि/बागवानी | १ |
| २१. | १५५/०८२-८३ | बाली विकास प्राविधिक | पाँचौँ | प्रदेश कृषि/बाली विकास | १ |
| २२. | १५६/०८२-८३ | कृषि प्राविधिक | पाँचौँ | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | १ |
| २३. | १५७/०८२-८३ | पशु स्वास्थ्य प्राविधिक | पाँचौँ | स्थानीय कृषि/भेटेरिनरी | २ |
| २४. | १५८/०८२-८३ | पशु विकास प्राविधिक | पाँचौँ | स्थानीय कृषि/ला.पो.डे.डे. | १ |
| २५. | १५९/०८२-८३ | मत्स्य प्राविधिक | पाँचौँ | स्थानीय कृषि/मत्स्य | १ |
| २६. | १६०/०८२-८३ | रेन्जर | पाँचौँ | प्रदेश वन/जनरल फरेस्ट्री | २ |
| २७. | १६१/०८२-८३ | शिक्षा सहायक | पाँचौँ | स्थानीय शिक्षा/शिक्षा प्रशासन र परीक्षण तथा मूल्याङ्कन | १ |

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट www.ppsc.lumbini.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइसक्नुपर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा सूचित गरिन्छ।

**दरखास्त दस्तुर:** रु. ५००/- (पाँच सय रुपैयाँ)
**दरखास्त दस्तुर बुझाउने स्थान:** राष्ट्रिय बाणिज्य बैंकमा रहेको एकल खाता कोषको खाता नं. १०००१००२०००१०००० मा दस्तुर जम्मा गर्नुपर्नेछ।
**कार्यालय कोड:** २१०००४८०१५ (प्रदेश लोकसेवा आयोग)
**राजस्व शीर्षक नं.** १४२२४
**नोट:** ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि राजस्व बुझाएको सक्कलै बैंक भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ।

## प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवा अन्तर्गतका देहायका सेवा समूहका सहायक स्तर पाँचौँ तहका (अप्राविधिक/प्राविधिक) पदहरूमा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना ।

**सूचना नं.१७१/०८२-०८३** **प्रकाशन मिति २०८२/०९/२५**

प्रदेश निजामती सेवा ऐन, २०८० र स्थानीय निजामती सेवा ऐन, २०८१ बमोजिम देहाय बमोजिमका पदहरूमा कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा गरिने भएकोले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगवाट निर्धारित ढाँचाको दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८२/१०/२९ गतेसम्म दरखास्त दिनु हुन यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | १६२/०८२-८३ | वरिष्ठ प्रशासन सहायक | पाँचौँ | प्रदेश प्रशासन/सामान्य प्रशासन | ३ |
| २. | १६३/०८२-८३ | वरिष्ठ प्रशासन सहायक | पाँचौँ | स्थानीय प्रशासन/सामान्य प्रशासन | ३ |
| ३. | १६४/०८२-८३ | लेखापाल | पाँचौँ | प्रदेश प्रशासन/लेखा | २ |
| ४. | १६५/०८२-८३ | सब इन्जिनियर | पाँचौँ | स्थानीय इन्जिनियरिङ/सिभिल | २ |
| ५. | १६६/०८२-८३ | स्टाफ नर्स | पाँचौँ | प्रदेश स्वास्थ्य/जनरल नर्सिङ | ३ |
| ६. | १६७/०८२-८३ | हेल्थ असिस्टेन्ट | पाँचौँ | स्थानीय स्वास्थ्य/हे.ई. | १ |
| ७. | १६८/०८२-८३ | कृषि प्राविधिक | पाँचौँ | स्थानीय कृषि/कृषि प्रसार | १ |
| ८. | १६९/०८२-८३ | पशु स्वास्थ्य प्राविधिक | पाँचौँ | स्थानीय कृषि/भेटेरिनरी | २ |
| ९. | १७०/०८२-८३ | पशु विकास प्राविधिक | पाँचौँ | स्थानीय कृषि/ ला.पो.डे.डे. | १ |
| १०. | १७१/०८२-८३ | रेन्जर | पाँचौँ | प्रदेश वन/जनरल फरेस्ट्री | १ |

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट www.ppsc.lumbini.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइसक्नुपर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही हुनेछैन।

**दरखास्त दस्तुर:** रु. ५००/- (पाँच सय रुपैयाँ)
**दरखास्त दस्तुर बुझाउने स्थान:** राष्ट्रिय बाणिज्य बैंकमा रहेको एकल खाता कोषको खाता नं १०००१००२०००१०००० मा दस्तुर जम्मा गर्नुपर्नेछ।
**कार्यालय कोड:** २१०००४८०१५ (प्रदेश लोक सेवा आयोग)
**राजस्व शीर्षक नं.** १४२२४
**नोट:** कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाका लागि राजस्व बुझाएको सक्कलै बैंक भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ।

## प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवा अन्तर्गत सहायक स्तर पाँचौँ तहका (अप्राविधिक/प्राविधिक) पदहरूको अन्तरतह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन ।

**सूचना नं. १७२/०८२-०८३** **प्रकाशन मिति: २०८२/०९/२५**

प्रदेश निजामती सेवा ऐन, २०८० र स्थानीय निजामती सेवा ऐन, २०८१ बमोजिम लुम्बिनी प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा विभिन्न स्थानीय तहहरूबाट पदपूर्तिका लागि माग भई आएका देहाय बमोजिमका सेवा, समूह र उपसमूहका सहायक स्तर पाँचौँ तहमा (प्राविधिक/अप्राविधिक) अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिने भएकोले तोकिए बमोजिमको योग्यता पुगेका उम्मेदवारहरूबाट विद्युतीय (online) माध्यमबाट दरखास्त आह्वान गरिन्छ। तोकिए बमोजिमको योग्यता पुगेका उम्मेदवारहरूले आयोगको विद्युतीय दरखास्त प्रणाली (www.ppsconline.lumbini.gov.np) बाट online दरखास्त दिनु पर्नेछ। प्रदेश निजामती सेवा तथा स्थानीय निजामती सेवा (प्राविधिक) तर्फ अन्तर तह तथा समावेशी प्रतियोगिताका परीक्षाहरू एकीकृत रूपमा एकै पटक सञ्चालन गरिनेछ। प्रतियोगितात्मक परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको प्राथमिकता क्रम अनुसार नियुक्तिका लागि प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

| क्र.सं. | विज्ञापन नं. | पद | समूह/उपसमूह | विज्ञापनको किसिम | माग पद सङ्ख्या | |
|---|---|---|---|---|---|---|
| **अ. प्रशासन सेवातर्फ** | | | | | | |
| १. | ५००१८/०८२-८३ | वरिष्ठ प्रशासन सहायक/ लेखापाल/वरिष्ठ राजस्व सहायक/आन्तरिक लेखा परीक्षण सहायक/कानून सहायक | प्रदेश प्रशासन/सामान्य प्रशासन | अन्तर तह | ३ | |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | ३ | |
| | | | प्रदेश प्रशासन/लेखा | | २ | |
| | | | स्थानीय प्रशासन/लेखा | | १ | |
| २. | ५००१९/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | खुला | १० | |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | ११ | |
| | | | प्रदेश प्रशासन/लेखा | | ६ | |
| | | | स्थानीय प्रशासन/लेखा | | २ | |
| | | | प्रदेश प्रशासन/राजस्व | | १ | |
| | | | स्थानीय प्रशासन/आ.ले.प. | | २ | |
| | | | स्थानीय प्रशासन/कानून | | १ | |
| ३. | ५००२०/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | विपन्न खस आर्य (महिला) | १ | |
| | | | प्रदेश प्रशासन/लेखा | | १ | |
| ४. | ५००२१/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | मुस्लिम (महिला) | १ | |
| | | | प्रदेश प्रशासन/लेखा | | १ | |
| ५. | ५००२२/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | थारु (महिला) | १ | |
| | | | प्रदेश प्रशासन/लेखा | | १ | |
| ६. | ५००२३/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | खस आर्य महिला | २ | |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | २ | |
| ७. | ५००२४/०८२-८३ | | प्रदेश प्रशासन/लेखा | दलित (महिला) | १ | गत आ.व.को विज्ञापनमा सिफारिस हुन नसकी सुरक्षित गरिएको पद |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | १ | |
| ८. | ५००२५/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | दलित (पुरुष) | १ | |
| ९. | ५००२६/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | मधेशी (महिला) | १ | |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | १ | |
| | | | प्रदेश प्रशासन/लेखा | | १ | गत आ.व.को विज्ञापनमा सिफारिस हुन नसकी सुरक्षित गरिएको पद |
| | | | स्थानीय प्रशासन/लेखा | | १ | |
| १०. | ५००२७/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | मधेशी (पुरुष) | १ | |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | १ | |
| | | | प्रदेश प्रशासन/लेखा | | १ | |
| ११. | ५००२८/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | आ.ज. (महिला) | १ | |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | १ | |
| | | | स्थानीय प्रशासन/लेखा | | १ | |
| | | | स्थानीय प्रशासन/आ.ले.प. | | १ | |
| १२. | ५००२९/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | आ.ज. (पुरुष) | १ | |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | १ | |
| | | | प्रदेश प्रशासन/लेखा | | १ | |
| १३. | ५००३०/०८२-८३ | तथ्याङ्क सहायक | प्रदेश प्रशासन/तथ्याङ्क | खुला | १ | |
| | | | स्थानीय प्रशासन/तथ्याङ्क | | १ | |
| १४. | ५००३१/०८२-८३ | | प्रदेश प्रशासन/तथ्याङ्क | आ.ज. (महिला) | १ | |
| १५. | ५००३२/०८२-८३ | महिला विकास निरीक्षक | स्थानीय प्रशासन/विविध | खुला | १ | |
| **आ. स्वास्थ्य सेवातर्फ** | | | | | | |
| १६. | ५१०३७/०८२-८३ | हेल्थ असिस्टेन्ट | प्रदेश स्वास्थ्य/हेल्थ इन्स्पेक्सन | अन्तर तह | १ | |
| | | | स्थानीय स्वास्थ्य/हेल्थ इन्स्पेक्सन | | २ | |
| १७. | ५१०३८/०८२-८३ | | प्रदेश स्वास्थ्य/हेल्थ इन्स्पेक्सन | खुला | २ | |
| | | | स्थानीय सेवास्थ्य/हेल्थ इन्स्पेक्सन | | ५ | |
| १८. | ५१०३९/०८२-८३ | | स्थानीय सेवास्थ्य/हेल्थ इन्स्पेक्सन | थारु (महिला) | १ | |
| १९. | ५१०४०/०८२-८३ | | प्रदेश स्वास्थ्य/हेल्थ इन्स्पेक्सन | खस आर्य महिला | १ | |
| | | | स्थानीय सेवास्थ्य/हेल्थ इन्स्पेक्सन | | १ | |
| २०. | ५१०४१/०८२-८३ | | स्थानीय सेवास्थ्य/हेल्थ इन्स्पेक्सन | दलित (महिला) | १ | |
| २१. | ५१०४२/०८२-८३ | | स्थानीय सेवास्थ्य/हेल्थ इन्स्पेक्सन | मधेशी (महिला) | १ | |
| २२. | ५१०४३/०८२-८३ | | स्थानीय सेवास्थ्य/हेल्थ इन्स्पेक्सन | आ.ज. (महिला) | १ | |
| २३. | ५१०४४/०८२-८३ | स्टाफ नर्स | प्रदेश स्वास्थ्य/जनरल नर्सिङ | अन्तर तह | ३ | |
| | | | स्थानीय स्थानीय/जनरल नर्सिङ | | १ | |
| २४. | ५१०४५/०८२-८३ | | प्रदेश स्वास्थ्य/जनरल नर्सिङ | खुला | ९ | |
| | | | स्थानीय स्थानीय/जनरल नर्सिङ | | २ | |
| २५. | ५१०४६/०८२-८३ | | प्रदेश स्थानीय/जनरल नर्सिङ | विपन्न खस आर्य (महिला) | १ | |
| २६. | ५१०४७/०८२-८३ | | | मुस्लिम (महिला) | १ | |
| २७. | ५१०४८/०८२-८३ | | | थारु (महिला) | १ | |
| २८. | ५१०४९/०८२-८३ | | | खस आर्य महिला | २ | |
| २९. | ५१०५०/०८२-८३ | | | दलित (महिला) | १ | |
| ३०. | ५१०५१/०८२-८३ | | | दलित (पुरुष) | १ | |
| ३१. | ५१०५२/०८२-८३ | | | मधेशी (पुरुष) | १ | |
| ३२. | ५१०५३/०८२-८३ | | | आ.ज. (पुरुष) | १ | |
| ३३. | ५१०५४/०८२-८३ | | स्थानीय स्वास्थ्य/जनरल नर्सिङ | आ.ज. (महिला) | १ | |
| ३४. | ५१०५५/०८२-८३ | कम्युनिटी नर्स | स्थानीय स्वास्थ्य/क. नर्सिङ | अन्तर तह | १ | |
| ३५. | ५१०५६/०८२-८३ | | | खुला | २ | |
| ३६. | ५१०५७/०८२-८३ | | | मधेशी (महिला) | १ | |
| ३७. | ५१०५८/०८२-८३ | | | आ.ज (महिला) | १ | |
| ३८. | ५१०५९/०८२-८३ | ल्याब टेक्निसियन | प्रदेश स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे. | खुला | २ | |
| ३९. | ५१०६०/०८२-८३ | | | मधेशी (महिला) | १ | |
| ४०. | ५१०६१/०८२-८३ | डेन्टल हाइजिनिष्ट | प्रदेश स्वास्थ्य/डेन्टल | खुला | १ | |
| ४१. | ५१०६२/०८२-८३ | रेडियोग्राफर | प्रदेश स्वास्थ्य/रेडियोग्राफी | खुला | १ | |
| ४२. | ५१०६३/०८२-८३ | मेडिकल रेकर्डर सुपरभाइजर | प्रदेश स्वास्थ्य/मेडिकल रेकर्ड | खुला | १ | |
| ४३. | ५१०६४/०८२-८३ | | | आ..ज. (महिला) | १ | गत आ.व.को विज्ञापनमा सिफारिस हुन नसकी सुरक्षित गरिएको पद |
| ४४. | ५१०६५/०८२-८३ | पब्लिक हेल्थ नर्स | प्रदेश स्वास्थ्य/ प.हे.न. | खुला | १ | |
| ४५. | ५१०६६/०८२-८३ | एनेस्थेटिक सहायक | प्रदेश स्वास्थ्य/विविध/एनेस्थेसिया | खुला | १ | |
| ४६. | ५१०६७/०८२-८३ | | | मधेशी (महिला) | १ | |
| ४७. | ५१०६८/०८२-८३ | | | आ..ज. (महिला) | १ | गत आ.व.को विज्ञापनमा सिफारिस हुन नसकी सुरक्षित गरिएको पद |
| ४८. | ५१०६९/०८२-८३ | कविराज | प्रदेश स्वास्थ्य/आयुर्वेद चिकित्सालय | खुला | १ | |
| | | | स्थानीय स्वास्थ्य/आयुर्वेद | | १ | |
| ४९. | ५१०७०/०८२-८३ | | स्थानीय स्वास्थ्य/आयुर्वेद | आ.ज. (महिला) | १ | |
| **इ. इन्जिनियरिङ सेवातर्फ** | | | | | | |
| ५०. | ५२००७/०८२-८३ | | स्थानीय इन्जिनियरिङ/सिभिल | अन्तर तह | २ | |
| ५१. | ५२००८/०८२-८३ | सब इन्जिनियर | प्रदेश इन्जिनियरिङ/सिभिल/इरिगेशन | खुला | २ | |
| | | | प्रदेश इन्जिनियरिङ/सिभिल/स्यानिटरी | | १ | |
| | | | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | | १ | |
| | | | प्रदेश इन्जिनियरिङ/सिभिल/हाइवे | | १ | |
| | | | स्थानीय इन्जिनियरिङ/सिभिल | | ७ | |
| ५२. | ५२००९/०८२-८३ | | प्रदेश इन्जिनियरिङ/सिभिल/इरिगेशन | मुस्लिम (महिला) | १ | |
| | | | स्थानीय इन्जिनियरिङ/सिभिल | | १ | |
| ५३. | ५२०१०/०८२-८३ | | स्थानीय इन्जिनियरिङ/सिभिल | थारु (महिला) | १ | |
| ५४. | ५२०११/०८२-८३ | | स्थानीय इन्जिनियरिङ/सिभिल | खस आर्य महिला | १ | |
| ५५. | ५२०१२/०८२-८३ | | स्थानीय इन्जिनियरिङ/सिभिल | दलित महिला | १ | |
| ५६. | ५२०१३/०८२-८३ | | स्थानीय इन्जिनियरिङ/सिभिल | मधेशी (महिला) | १ | |
| ५७. | ५२०१४/०८२-८३ | | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | आ.ज. (महिला) | १ | |
| | | | प्रदेश इन्जिनियरिङ/सिभिल/हाइवे | | १ | |
| | | | स्थानीय इन्जिनियरिङ/सिभिल | | १ | |
| ५८. | ५२०१५/०८२-८३ | सब इन्जिनियर | प्रदेश इन्जिनियरिङ/सिभिल/वि.एण्ड आ. | खुला | १ | |
| ५९. | ५२०१६/०८२-८३ | | | मधेशी (महिला) | १ | |
| ६०. | ५२०१७/०८२-८३ | सब इन्जिनियर | प्रदेश इन्जिनियरिङ/इले./जनरल इले. | खुला | २ | |
| ६१. | ५२०१८/०८२-८३ | | | आ.ज. (महिला) | १ | |
| ६२. | ५२०१९/०८२-८३ | ल्याब टेक्निसियन | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | खुला | १ | |
| ६३. | ५२०२०/०८२-८३ | | | आ.ज. (महिला) | १ | |
| ६४. | ५२०२१/०८२-८३ | हाइड्रोजियोलोजी प्राविधिक | प्रदेश इन्जिनियरिङ /जियो./हा.जी. | खुला | १ | |
| ६५. | ५२०२२/०८२-८३ | सर्वेक्षक | प्रदेश इन्जिनियरिङ/सर्भे | खुला | १ | |
| | | | स्थानीय इन्जिनियरिङ/सर्भे | | १ | |
| ६६. | ५२०२३/०८२-८३ | | स्थानीय इन्जिनियरिङ/सर्भे | आ.ज. (महिला) | १ | |
| **ई. कृषि सेवातर्फ** | | | | | | |
| ६७. | ५३०२३/०८२-८३ | बाली विकास प्राविधिक | प्रदेश कृषि/बाली विकास | अन्तर तह | १ | |
| | | कृषि प्राविधिक | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | | १ | |
| | | कृषि प्राविधिक | स्थानीय कृषि/कृषि प्रसार | | १ | |
| ६८. | ५३०२४/०८२-८३ | कृषि प्रसार प्राविधिक | प्रदेश कृषि/कृषि प्रसार | खुला | १ | |
| | | बागवानी प्राविधिक | प्रदेश कृषि/बागवानी | | १ | |
| | | माटो विज्ञान प्राविधिक | प्रदेश कृषि/माटो विज्ञान | | १ | |
| | | कृषि अर्थ प्राविधिक | प्रदेश कृषि/एग्री. इको. एण्ड मार्केटिङ | | १ | |
| | | कृषि प्राविधिक | स्थानीय कृषि/एग्री. इको. एण्ड मार्केटिङ | | १ | |
| | | बाली विकास प्राविधिक | प्रदेश कृषि/बाली विकास | | २ | |
| | | कृषि प्राविधिक | स्थानीय कृषि/कृषि प्रसार | | ४ | |
| | | कृषि प्राविधिक | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | | २ | |
| ६९. | ५३०२५/०८२-८३ | कृषि प्राविधिक | स्थानीय कृषि/कृषि प्रसार | खस आर्य महिला | १ | |
| ७०. | ५३०२६/०८२-८३ | कृषि प्राविधिक | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | मधेशी (महिला) | १ | |
| | | कृषि प्राविधिक | स्थानीय कृषि/कृषि प्रसार | | १ | |

(बाँकी पृष्ठ ८ मा)

# एकीकृत जाँच केन्द्र बन्दै




इन्टिग्रेटेड चेकपोस्टको अनुगमन गर्दै मन्त्रीहरू । तस्बिर : अविनाश चौधरी

**धनगढी समाचारदाता**
*धनगढी, पुस २४ गते*

सुदूरपश्चिम प्रदेशका दुई नाकामा 'इन्टिग्रेटेड चेकपोस्ट' निर्माण गरिँदै छ। सुदूरपश्चिम प्रदेश सरकारको लगानीमा कैलालीस्थित त्रिनगर (गौरीफन्टा) र कञ्चनपुरस्थित गड्डाचौकी नाकामा इन्टिग्रेटेड चेकपोस्ट निर्माण गर्न लागिएको हो। नाकामा चेकजाँचलाई व्यवस्थित बनाउनका लागि इन्टिग्रेटेड चेकपोस्ट निर्माण गर्न लागेको जनाइएको छ।

निर्माणाधीन चेकपोस्टको बुधबार सुदूरपश्चिम प्रदेशका आर्थिक मामिलामन्त्री बहादुरसिंह थापा, भौतिक पूर्वाधार विकासमन्त्री सुरेन्द्र पाल र आन्तरिक मामिला तथा कानुनमन्त्री हिरासिंह सार्कीले अनुगमन गर्नुभएको छ। चेकजाँचमा देखिएको समस्या समाधानका लागि इन्टिग्रेटेड चेकपोस्ट निर्माण भइरहेको आर्थिक मामिलामन्त्री थापाले बताउनुभयो।

"भारतसँगका इन्ट्री प्वाइन्टमा भारतीय पर्यटकको आवतजावत गर्दा वा नेपाली पनि भारततर्फ जाँदै गर्दा धेरै समस्या देखिएका छन्," उहाँले भन्नुभयो, "अलिकति व्यवस्थित किसिमले चेकजाँच नभएका कारण ती समस्या देखिएका हुन्।" चेकजाँचलाई व्यवस्थित बनाउनका लागि इन्टिग्रेटेड चेकपोस्ट निर्माणको काम भइरहेको मन्त्रीको भनाइ थियो। उहाँले इन्टिग्रेटेड चेकपोस्ट निर्माणका लागि मन्त्रीपरिषद्मा छलफल गरेर बजेटसमेत विनियोजन गरेको बताउनुभयो। त्रिनगर र गड्डाचौकीमा इन्टिग्रेटेड चेकपोस्ट बनेमा भारतबाट आउने आमनागरिक, पर्यटकलाई सजिलो हुने मन्त्री थापाले उल्लेख गर्नुभयो।

उहाँले चेकजाँचमा देखिएका विभिन्न समस्या निराकरणका लागि व्यवस्थित किसिमको चेकजाँच गर्ने प्रणाली स्थापना गर्न खोजेको बताउनुभयो। चेकपोस्टमा विमानस्थलको जस्तै स्क्रिनिङ मेसिन राखेर सामान र मान्छे स्क्रिनिङ गरी चेकजाँच गरिने जनाइएको छ।

# स्वास्थ्य बिमामा साढे तीन हजार आबद्ध

**अमरगढी समाचारदाता**
*डडेलधुरा, पुस २४ गते*

स्वास्थ्य बिमा कार्यक्रममा डडेलधुराका करिब साढे तीन हजार नागरिक समेटिएका छन्। एक लाख ४२ हजारभन्दा बढी जनसङ्ख्या रहेको डडेलधुरामा ३० हजार ४१५ जना मात्र स्वास्थ्य बिमामा आबद्ध भएका छन्। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार डडेलधुराको कुल जनसङ्ख्या एक लाख ३९ हजार ६०२ रहेको छ।

स्वास्थ्य बिमा कार्यक्रममा सहभागी हुनेमा पुरुषभन्दा महिलाको सङ्ख्या केही बढी रहेको छ भने सबैभन्दा बढी बिमित अमरगढी नगरपालिकामा रहेका छन्। स्वास्थ्य बिमा बोर्ड डडेलधुराका दर्ता अधिकारी जयसिंह साउदका अनुसार बिमा कार्यक्रममा १४ हजार ४६० पुरुष र १५ हजार ९५५ महिला आबद्ध भएका छन। स्थानीय तहगत तथ्याङ्क अनुसार सबैभन्दा बढी बिमित अमरगढी नगरपालिकामा रहेका छन्। अमरगढी नगरपालिकामा १३ हजार ७८२ जना बिमा कार्यक्रममा आबद्ध भएका छन्। जसमा छ हजार ७७८ पुरुष र सात हजार चार जना महिला छन।

भित्री मधेशको परशुराम नगरपालिकामा चार हजार ३२७ जना बिमित छन्। त्यसमध्ये दुई हजार ५५ पुरुष र दुई हजार २७२ महिला रहेका छन्। आलीताल गाउँपालिकामा एक हजार २७३ जना स्वास्थ्य बिमामा आबद्ध छन्। अजयमेरु गाउँपालिकामा दुई हजार ६५४ जना बिमा कार्यक्रममा आबद्ध भएका छन। भागेश्वर गाउँपालिकामा एक हजार ३४४ जना बिमित रहेका छन्। गन्यापधुरा गाउँपालिकामा तीन हजार ३०७ जना स्वास्थ्य बिमामा आबद्ध छन्। नवदुर्गा गाउँपालिकामा बिमा गर्नेको सङ्ख्या तीन हजार ७२८ पुगेको छ।

अझै पनि कतिपयले स्वास्थ्य बिमाको महत्त्व नबुझ्दा बिमामा समेटिन नसकिरहेको दर्ता अधिकारी साउदले बताउनुभयो। स्वास्थ्य बिमामा नागरिकको पहुँच बढाउने उद्देश्यले हरेक वडामा दर्ता सहयोगीसमेत रहेको उहाँले जानकारी दिनुभयो।

स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत वार्षिक तीन हजार पाँच रुपियाँ प्रिमियम तिरेपछि एक घरका पाँच जनासम्मले वर्षमा एक लाख रुपियाँ बराबरको निःशुल्क स्वास्थ्य सेवा पाउने व्यवस्था छ। पाँच जनाभन्दा बढी सदस्य रहेको परिवारका हकमा थप एक जनाका लागि सात सय रुपियाँ प्रिमियम तिरेमा २० हजार रुपियाँ बराबरको अतिरिक्त सेवा लिन सकिने प्रावधान छ।

# बिदेसिएकाहरू माघी मनाउन फर्किंदै

**धनगढी समाचारदाता**
*धनगढी (कैलाली), पुस २४ गते*

थारू समुदायमा विशेष रूपमा मनाइने माघी पर्व मनाउनका लागि रोजगारीको सिलसिलामा भारत गएका थारू समुदायका व्यक्ति धमाधम स्वदेश फर्किन थाल्नुभएको छ।

माघ सबैभन्दा ठुलो पर्व रहेकाले उहाँहरू पर्वमा रमाउनका लागि स्वदेश फर्किरहनुभएको छ। माघ पर्व थारू समुदायको नयाँ वर्ष पनि हो। माघ १ गतेबाट यो समुदायको नयाँ वर्ष सुरु हुने गरेको छ। थारू समुदायमा पुस अन्तिम दिनदेखि माघ २ गतेसम्म नाच्दै, रमाउँदै हर्षोल्लासपूर्वक माघ पर्व मनाउने चलन रहेको छ।

माघ आफूहरूको महत्त्वपूर्ण पर्व रहेकाले परदेसिएकाहरू टाढा टाढाबाट भए पनि सकेसम्म माघ मनाउन आउने गरेको बताइन्छ। माघ आफ्नो समुदायको निकै महत्त्वपूर्ण पर्व रहेकाले प्रत्येक वर्ष पर्व मनाउनका लागि घर फर्किने गरेको भारतको बेङ्गलोरमा काम गर्दै आउनुभएका घोडाघोडी नगरपालिकास्थित खोंपाका श्रवण चौधरीले बताउनुभयो। उहाँले माघ पर्व मनाएर पुनः कर्मथलोमा फर्किने उल्लेख गर्नुभयो।

नेपाल–भारत गौरीफन्टा, चन्दनचौकी, बेलापरसुआ, खक्रौलालगायतका नाका भएर परदेसीहरू माघ मनाउन स्वदेश फर्किरहेका छन्। माघ पर्वमा थारू समुदायमा वर्षभरिको गतिविधिका समीक्षा गर्नुका साथै आगामी दिनका लागि योजना बनाउने चलन छ। समाज, परिवार दुवैमा समीक्षा गर्ने र योजना बनाउने कार्य हुने गर्दछन्। माघ पर्वमा घरपरिवारमा छलफल गरेर वर्षभरिका लागि योजना बनाउने गरिएकाले पर्व मनाउन स्वदेश फर्केको गौरीगङ्गा नगरपालिकास्थित राजीपुरका जितबहादुर चौधरीले बताउनुभयो। उहाँले आफूहरू मुम्बईबाट काम गरेर फर्केको जानकारी दिनुभयो। खेतीपातीको काम सकिएपछि थारू समुदायबाट ठुलो सङ्ख्यामा युवापुस्ता कामको खोजीमा भारत जाने गरेका छन्।

माघनजिक आइसकेकाले थारू समुदायमा पर्वको तयारी भइरहेको छ। अहिले कुटानीपिसानी गर्ने, जङ्गलबाट पात टिपेर दुनाटपरी बनाउनेलगायतका कार्य भइरेका छन्। माघ पर्वमा यो समुदायका धेरै जसो मानिसले जाँडको झोल खाने गर्छन्। महिना दिनअगाडिबाटै त्यसको तयारी भइरहेको जनाइएको छ। त्यस्तै बजारमा किनमेल काम पनि सुरु भएको छ। कैलारी गाउँपालिका–७ का कमलप्रसाद चौधरीले गाउँघरमा माघको सुरसार हुन थालेको बताउनुभयो। उहाँले पर्व, विवाहलगायतका लागि जङ्गलबाट दाउरा सङ्कलन गरेर ल्याउने कार्य भइरहेको उल्लेख गर्नुभयो।

माघ पर्वको पहिलो दिन मासुसहित खानपान गरेर धमार, ढुमरु गीत गाएर रमाइलो (राहरङ्गित) गर्ने, दोस्रो दिन बिहानै स्नान गरेर ठुलाबडाको आशिर्वाद लिने र तेस्रो दिन माघी डेवानी गरेर पर्व विसर्जन गर्ने चलन रहेको छ। माघ पर्वमा ठुलाबडाको आशीर्वाद लिइने गरेकाले आफूहरूका लागि माघ निकै महत्त्वपूर्ण पर्व रहेको राजीपुरका लखन चौधरीले बताउनुभयो।

# एउटै आरनबाट चार पुस्ताको रोजगारी



चार पुस्ताले चलाएको आरन ।

**गोकर्ण दयाल**
*बैतडी, पुस २४ गते*

पम्परागत आरन पेसा लोप भइरहेका बेला यहाँको एक विश्वकर्मा परिवारका बाजे, छोरा, नाति र पनाति पुस्ताका १४ जना सदस्य एउटै आरन काम गरेर आम्दानी गर्दै आउनुभएको छ। चार पुस्ताका सदस्यको आरन मात्रै होइन, परिवारका सदस्य पनि सगोलमा बस्दै आइरहेका छन्।

दशरथचन्द नगरपालिका–४, जर्गौका ८० वर्षीय दुरा लुहार, उहाँका छोरा ६३ वर्षीय नरीराम लुहार, नाति पुस्ताका ४१ वर्षीय प्रेमराम लुहार, ३४ वर्षीय गजीराम लुहार, बुहारी र पनाति पुस्तासम्म एउटै आरनले धानेको छ। यो परिवार विगत ८० वर्षदेखि सगोलमा बस्दै आएको छ। तामा र फलामका भाँडा र औजारको माग बढेपछि उहाँको परिवारका सबै सदस्य अहिले गोठालापानी बजारमा आरन चलाएर रोजगारी गरिरहेको छ।

बाजे पुस्ताका दुरा लुहार अहिले पनि छोरा र नातिलाई अनुभव प्रदान गरेर सघाइरहनुभएको छ भने उहाँका ६३ वर्षीय छोरा नरीराम लुहार र उहाँका दुवै छोरा (तेस्रो पुस्ता) फलाम र तामाका सामग्री निर्माण गर्दै आइरहनुभएको छ। चौथो पुस्ताका पनाति भने विद्यालयमा अध्ययन गरिरहेका छन्। विद्यालय बिदाको दिन उनीहरू पनि कोइला खोज्न सहयोग गर्दै आएका छन्।

आरन पेसाबाटै चौथो पुस्ताका सात जना नाति/नातिना कक्षा ७ देखि १० सम्म अध्ययन गरिरहेको ६३ वर्षीय नरीराम लुहारले बताउनुभयो। उहाँले भन्नुभयो, "आफूले पढ्न पाइन। छोराहरूले पनि १० कक्षामै पढाइ छाडे। अब नयाँ पुस्तालाई उच्च शिक्षासम्म पढाउने धोको छ।" आरन पेसाबाट सिजनमा राम्रो आम्दानी हुने गरेको ३४ वर्षीय जगीराम लुहारले बताउनुभयो। खेतीपाती लगाउने र चाडपर्वको सिजनमा दैनिक पाँच हजारसम्म आम्दानी हुने गरेको उहाँले बताउनुभयो। अघिपछि भने घर खर्च चल्ने गरेको छ। चार पुस्ताका १४ जनालाई एक छाकमा तीन किलो चामल पाक्ने गरेको छ।

बाजे पुस्ताका दुरा लुहार अहिले पनि छोरा र नातिलाई अनुभव प्रदान गरेर सघाइरहनुभएको छ भने उहाँका ६३ वर्षीय छोरा नरीराम लुहार र उहाँका दुवै छोरा (तेस्रो पुस्ता) फलाम र तामाका सामग्री निर्माण गर्दै आइरहनुभएको छ ।

## 'जर्गाल फोला' का सिपालु

जिल्लामै चर्चित तामाको जर्गाल फोला (स्थानीय गाग्री) बनाउने यो समुदाय सिपालु मानिन्छ। पछिल्लो समय तामाका गाग्री प्रयोग गर्ने चलन हराएसँगै स्थानीय फोलाको माग घट्दै गएको नरीराम लुहारले बताउनुभयो। तामाको भाँडामा राखेको पानी शरीरका लागि फाइदाजनक भए पनि तामाको मूल्य बढेपछि पछिल्लो समय फोलाको प्रयोग घट्दै गएको छ। यद्यपि मन्दिरका लागि तामाको त्रिशूल, देडो (दीयो) तामाको गाई जस्ता प्रतिमाको माग भने घटेको छैन।

पुस्तौनी आरन पेसा गर्दै आइरको यो परिवारका सदयस्यले वेल्डिङ गर्ने आधुनिक सिप सिक्ने धोको रहेको बताएका छन्। आरनले मात्रै परिवार धान्न नसकिने अवस्था आएको गजीराम लुहारले बताउनुभयो। जग्गा बाँझो राख्दा कृषि औजार बनाउने पनि घटेका छन्। दैनिक उपभोग्य वस्तुको मूल्य बढ्न थालेपछि आरन पेसाले छाक टार्न मात्रै पुग्ने गरेको उहाँहरूको भनाइ छ।

सुदूरपश्चिम प्रदेश सरकारले टीकाराम दलित सशक्तीकरण कार्यक्रम अन्तर्गत परम्परामा आधारित आरन पेसा गर्नेहरूलाई प्रोत्साहन गरेको छ। बैतडीस्थित सामाजिक विकास कार्यालय अन्तर्गत आरन पेसा गर्नेको सात दिने क्षमता विकास कार्यक्रम सञ्चालन गरेको कार्यालयका प्रमुख शङ्करदत्त जोशीले बताउनुभयो। कार्यक्रममा चार पुस्तादेखि निरन्तर आरनमा काम गर्दै आएको गजीराम लुहारको परिवारका सदस्यसमेत सहभागी भएका छन्।

# सूचना प्रणालीमा दर्ता नहुँदा समस्या

**भवानीदत्त भट्ट**
*बेलौरी (कञ्चनपुर), पुस २४ गते*

कञ्चनपुरमा सङ्क्रामक रोगको यकिन तथ्याङ्क पाउन मुस्किल बन्दै गएको छ। स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा यहाँका निजी स्वास्थ्य संस्था दर्ता नहुँदा स्वास्थ्य सेवाको प्रभावकारिताको उचित मूल्याङ्कनसमेत हुन सकेको छैन्।

विभिन्न सङ्क्रामक रोग फैलिनुअघि चेतावनी पाउन, जनशक्ति, बजेट र औषधी योजना बनाउनका साथै स्थानीय, प्रदेश र सङ्घ सरकारलाई एकै किसिमको तथ्याङ्क उपलब्ध गराउन स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई अति महत्त्वपूर्ण मानिएको छ। कञ्चनपुरस्थित झन्डै पाँच सय निजी स्वास्थ्य संस्थामध्ये सात वटा निजी स्वास्थ्य संस्था मात्रै स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा दर्ता रहेको स्वास्थ्य कार्यालय कञ्चनपुरका सूचना अधिकारी विपिन लेखकले बताउनुभयो।

स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा बिरामीको सङ्ख्या, रोगका प्रकार, मातृ तथा शिशु स्वास्थ्य तथ्याङ्क, खोप कार्यक्रमको विवरण, स्वास्थ्यकर्मीको सेवा विवरण, औषधी तथा उपकरणको अवस्थाको तथ्याङ्क भए भने रोगको निगरानी गर्न सहजता हुने स्वास्थ्य कार्यालय कञ्चनपुरका प्रमुख नरेन्द्र रावल बताउनुहुन्छ।

जिल्लामा हालसम्म ९९ सरकारी अस्पताल तथा स्वास्थ्य संस्था र सात निजी गरेर १०६ स्वास्थ्य संस्था स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा दर्ता छन्। जसमध्ये जिल्लाको भीमदत्तस्थित आनन्द पोलिक्लिनिक, सहयात्रा नेपाल, शर्मा प्याथोलोजीलगायतका निजी स्वास्थ्य संस्थाले नियमित तवरले मासिक रूपमा बिरामी र रोगको तथ्याङ्क अपडेट गर्दै आएको स्वास्थ्य कार्यालयका सूचना अधिकारी लेखकले बताउनुभयो।

उहाँका अनुसार हालसम्म कृष्णपुर नगरपालिकामा १२, शुक्लाफाँटा नगरपालिकामा १४, बेदकोट नगरपालिकामा १३, भीमदत्त नगरपालिकामा २३, दोधारा चाँदनी नगरपालिकामा ९, लालझाडी गाउँपालिकामा सात, पुनर्वास नगरपालिकामा ११, बेलौरी नगरपालिकामा १२ र बेलडाँडी गाउँपालिकामा पाँच स्वास्थ्य संस्था स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा दर्ता छन्।

जिल्लाका सबै जसो पालिकालाई यस प्रणालीमा निजी स्वास्थ्य संस्थालाई दर्ता गराउन आग्रह गरिएको सूचना अधिकारी रावलले बताउनुभयो। यसै गरी जिल्लाका सबै पालिकामा रहेका स्वास्थ्य संस्थालाई मौखिक तथा लिखित रूपमा यस प्रणालीमा आबद्ध भएर सरकारलाई सहयोग पुऱ्याउन आग्रह गरिएको सूचना अधिकारी लेखकले बताउनुभयो। यो प्रणाली कञ्चनपुरमा पूर्ण रूपमा लागु भएमा स्वास्थ्य कार्यालयको समेत उचित मूल्याङ्कन गरिने छ। जसबाट रोगको उचित तथ्याङ्क उपलब्ध भई भविष्यमा अपनाउनुपर्ने सजकता र सतर्कताका लागि पनि पूर्वतयारी थाल्न सहज हुने अपेक्षा गरिएको छ।

हाल सबै स्वास्थ्य संस्थाले तथ्याङ्क समावेश नगरिदिँदा फैलिएका रोगको निगरानी गर्न समस्या भएको स्वास्थ्य कार्यालयका प्रमुख रावलले बताउनुभयो। स्वास्थ्य संस्था, क्लिनिक, अस्पताल, ल्याबलगायतका स्वास्थ्य संस्थाले यस प्रणालीमा दर्ता नभए ती संस्थाको नवीकरण रोक्का तथा जरिबाना वा सञ्चालनमा रोकसमेत लगाउन सकिने कानुनी व्यवस्था छ तर यहाँका निजी स्वास्थ्य संस्थालाई पटक पटक प्रणालीमा दर्ता हुन आग्रह गर्दा पनि बेवास्ता गरिएको सूचना अधिकारी लेखकले बताउनुभयो। स्वास्थ्य कार्यालयले भने हाल कुनै निजी संस्थामाथि कानुनी कारबाही अगाडी नबढाएको बताएको छ।

तर जिल्लास्थित निजी स्वास्थ्य संस्थाले भने स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली झन्झटिलो भएकाले दर्ता गर्न नसकिएको बताएका छन्। महेन्द्रनगरस्थित मन्त्र अस्पतालका सञ्चालक गोविन्द रोकायाले यस प्रणालीमा दर्ता गर्नका लागि दुई वर्षपहिले स्वास्थ्यकर्मीलाई तालिम पनि प्रदान गरिएको बताउनुभयो तर स्वास्थ्य कार्यालयले यस प्रणालीमा दर्ता हुनका लागि सबै प्रक्रिया पूरा गर्न नसक्दा समस्या भएको उहाँले बताउनुभयो। यसै गरेर महेन्द्रनगरस्थित आनन्द पोलिक्लिनिकका सञ्चालक भक्तराज भट्टले यस प्रणालीमा दर्ता हुनका लागि स्वास्थ्य कार्यालयले तालिम प्रदान नगरेको र आइडी पासवर्ड उपलब्ध नगराउँदा दर्ता प्रक्रियामा जान नसकिएको बताउनुभयो।

स्वास्थ्य कार्यालय कञ्चनपुरका प्रमुख रावलले यहाँका अधिकांश निजी स्वास्थ्य संस्थाले मापदण्ड पूरा नगर्दा दर्ता गर्न नसकिएको बताउनुभयो। "अधिकांश स्वास्थ्य संस्थाले यसमा दर्ता गर्नका लागि आवश्यक मापदण्ड पूरा नगरेको पाइन्छ," उहाँले भन्नुभयो, "मापदण्ड पूरा गरेका स्वास्थ्य संस्था यस प्रणालीमा दर्ता छन्।"

स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अभिलेख तथा प्रतिवेदनसम्बन्धी निर्देशिका, २०७८ ले स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीका लागि अभिलेख राख्ने, रिपोर्टिङ फाराम, समयसीमा प्रक्रिया र जिम्मेवारीसम्बन्धी विस्तृत मापदण्ड प्रदान गरेको छ। निर्देशिकाबमोजिम निजी स्वास्थ्य संस्थालाई यस प्रणालीमा दर्ता हुनका लागि आवश्यक तालिम उपलब्ध गराउन राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र र प्रदेश स्वास्थ्य तालिम केन्द्रसँग आग्रह गरिने कार्यालय प्रमुख रावलले बताउनुभयो।

# डल्फिनको अभिलेखीकरण

**धनगढी समाचारदाता**
*धनगढी, पुस २४ गते*

कैलालीमा यस वर्ष ५४ वटा डल्फिन अभिलेख भएका छन्। डल्फिन, जलचर तथा जैविक विविधता संरक्षण नेपालसँगको सहकार्यमा राष्ट्रिय प्रकृति संरक्षण कोष बर्दियाले यस वर्ष गरेको अध्ययनका क्रममा उक्त सङ्ख्यामा डल्फिन अभिलेख भएका हुन्। तिनमा बिहान १५ वटा र साँझ आठ वटा अर्धवयस्क बच्चा पनि देखा परेका थिए।

डल्फिन अवलोकन सिजन चलेका बेला गत भदौमा कैलालीस्थित मोहना, पथरैया नदी टीकापुर, भजनी क्षेत्रमा अध्ययन गरिएको थियो। स्थानीय समुदायलाई तालिम दिएर उनीहरूको समेत सहभागितामा व्यवस्थित र वैज्ञानिक तरिकाले अध्ययन गरेको कोषको बर्दिया प्रमुख अजित तुम्बाहाम्फेले बताउनुभयो। उहाँका अनुसार जिपिएस प्रयोग गरेर साँझबिहान अध्ययन गरिएको थियो। विश्वमै दुर्लभ 'गङ्गेटिक' प्रजातिको डल्फिन मनसुनभरि कैलाली नदीमा आउने गरेका छन्। नदीमा जलस्तर कम भएपछि भने पुनः तल्लो तटीय क्षेत्रमा फर्कने गरेका छन्।

विगतमा स्थानीय संरक्षणकर्मीको अध्ययनले ६८ वटासम्म डल्फिन कैलालीमा अभिलेख गरेको थियो। त्यसको तुलनामा यो पटक कम डल्फिन पाइएको प्रमुख तुम्बाहाम्फेले बताउनुभयो। स्थानीयस्तरबाट डल्फिन संरक्षणका लागि भइरहेको प्रयास निकै राम्रो रहेको कोषले जनाएको छ। नदी क्षेत्रमा हुने उत्खनन रोक्न र फोहोरमैलाको उचित व्यवस्थापन गर्न सके अझ राम्रो हुने तुम्बाहाम्फेको भनाइ छ।

कोषले मोहना नदीको कैलारी गाउँपालिका, धनगढी उपमहानगरपालिकालगायत माथिल्लो क्षेत्रमा भने अध्ययन गरेन। मनसुनमा डल्फिन धनगढी उपमहानगरपालिकाको फूलबारीसम्म पुग्ने गरेको सर्वसाधारणले बताउने गरेका छन्। विगतमा डल्फिन त्रिनगर भन्सारमा रहेको पुलमुनिसमेत देखिएको संरक्षणकर्मी विजयराज श्रेष्ठ बताउनुहुन्छ।

गत वर्षको तुलनामा यो वर्ष डल्फिनका बच्चा बढी अभिलेख भएको डल्फिन, जलचर तथा जैविक विविधता संरक्षण नेपालका अध्यक्ष भोजराज ढुङ्गानाले बताउनुभयो। उहाँका अनुसार डल्फिनको सङ्ख्या भने विगत वर्षको तुलनामा केही कम छ।

विसं २०७८ मा ६२, २०७९ सालमा ६८ वटा डल्फिन गणना गरिएको थियो। गत वर्ष ५० वटा डल्फिन अभिलेख भएका ढुङ्गानाको भनाइ छ। डल्फिन, जलचर तथा जैविक विविधता संरक्षण नेपालले केही वर्षदेखि नै स्थानीयस्तरबाट डल्फिन गणना हुँदै आएको छ।

(पृष्ठ ७ को बाँकी)

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७१. | ५३०२७/०८२-८३ | कृषि प्राविधिक | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | आ.ज. (महिला) | १ | |
| | | बाली विकास प्राविधिक | प्रदेश कृषि/बाली विकास | | १ | |
| | | कृषि प्रसार प्राविधिक | प्रदेश कृषि/कृषि प्रसार | | १ | |
| | | कृषि प्राविधिक | स्थानीय कृषि/कृषि प्रसार | | १ | |
| | | बागवानी प्राविधिक | प्रदेश कृषि/बागवानी | | १ | |
| | | बाली विकास प्राविधिक | प्रदेश कृषि/बाली विकास | | १ | |
| | | कृषि प्राविधिक | स्थानीय कृषि/एग्री. इको. एण्ड मार्केटिङ | | १ | |
| | | कृषि अर्थ प्राविधिक | प्रदेश कृषि/एग्री. इको. एण्ड मार्केटिङ | | १ | |
| ७२. | ५३०२८/०८२-८३ | पशु स्वास्थ्य प्राविधिक | स्थानीय कृषि भेटेरिनरी | अन्तर तह | २ | |
| | | पशु विकास प्राविधिक | स्थानीय कृषि/ला.पो.डे.डे. | | १ | |
| | | मत्स्य प्राविधिक | स्थानीय कृषि/मत्स्य | | १ | |
| ७३. | ५३०२९/०८२-८३ | पशु सेवा प्राविधिक | प्रदेश कृषि/ला.पो.डे.डे. | खुला | १ | |
| | | पशु विकास प्राविधिक | स्थानीय कृषि/ला.पो.डे.डे. | | ४ | |
| | | पशु स्वास्थ्य प्राविधिक | स्थानीय कृषि भेटेरिनरी | | ६ | |
| | | मत्स्य विकास प्राविधिक | प्रदेश कृषि/मत्स्य | | १ | |
| | | मत्स्य प्राविधिक | स्थानीय कृषि/मत्स्य | | २ | |
| ७४. | ५३०३०/०८२-८३ | पशु स्वास्थ्य प्राविधिक | स्थानीय कृषि भेटेरिनरी | थारु (महिला) | १ | |
| ७५. | ५३०३१/०८२-८३ | पशु विकास प्राविधिक | स्थानीय कृषि/ला.पो.डे.डे. | खस आर्य महिला | १ | |
| | | पशु स्वास्थ्य प्राविधिक | स्थानीय कृषि भेटेरिनरी | | १ | |
| ७६. | ५३०३२/०८२-८३ | पशु स्वास्थ्य प्राविधिक | स्थानीय कृषि भेटेरिनरी | दलित (महिला) | १ | |
| ७७. | ५३०३३/०८२-८३ | पशु विकास प्राविधिक | स्थानीय कृषि/ला.पो.डे.डे. | मधेशी (महिला) | १ | |
| | | पशु स्वास्थ्य प्राविधिक | स्थानीय कृषि भेटेरिनरी | | १ | |
| ७८. | ५३०३४/०८२-८३ | पशु विकास प्राविधिक | स्थानीय कृषि/ला.पो.डे.डे. | आ.ज. (महिला) | १ | |
| | | पशु सेवा प्राविधिक | प्रदेश कृषि/ला.पो.डे.डे. | | १ | |
| | | पशु स्वास्थ्य प्राविधिक | स्थानीय कृषि भेटेरिनरी | | १ | |
| | | मत्स्य प्राविधिक | स्थानीय कृषि/मत्स्य | | १ | |
| **उ. वन सेवातर्फ** | | | | | | |
| ७९. | ५४००४/०८२-८३ | रेन्जर/ भू सरक्षण सहायक | प्रदेश वन/जनरल फरेस्ट्री | अन्तर तह | १ | |
| ८०. | ५४००५/०८२-८३ | | प्रदेश वन/जनरल फरेस्ट्री | खुला | ४ | |
| ८१. | | | प्रदेश वन/स्वाइल एण्ड वाटर कन्जरभेसन | | १ | |
| | ५४००६/०८२-८३ | | प्रदेश वन/जनरल फरेस्ट्री | मुस्लिम (महिला) | १ | |
| ८२. | ५४००७/०८२-८३ | | | थारु (महिला) | १ | |
| ८३. | ५४००८/०८२-८३ | | | दलित (महिला) | १ | |
| **ऊ. शिक्षा सेवातर्फ** | | | | | | |
| ८४. | ५५०१०/०८२-८३ | शिक्षा सहायक | स्थानीय शिक्षा/शिक्षा प्रशासन र परीक्षण तथा मूल्याङ्कन | अन्तर तह | १ | |
| ८५. | ५५०११/०८२-८३ | | | खुला | २ | |
| ८६. | ५५०१२/०८२-८३ | | | मधेशी (महिला) | १ | |
| ८७. | ५५०१३/०८२-८३ | | | आ.ज. (महिला) | १ | |

**परीक्षाको किसिमः-** पाठ्यक्रममा तोकिए अनुसार।
**परीक्षा केन्द्रः-** बुटवल।
**परीक्षा मिति, समय र स्थानः-** परीक्षा सम्बन्धी जानकारी आयोगको वेबसाइटमा पछि प्रकाशन गरिनेछ।
**परीक्षाको माध्यमः-** लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अङ्ग्रेजी अथवा नेपाली र अङ्ग्रेजी दुवै हुनेछ।
**दरखास्तको माध्यमः-** आयोगको विद्युतीय दरखास्त प्रणाली ppsconline.lumbini.gov.np मार्फत् दरखास्त पेश गर्नुपर्नेछ। दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण सोही वेबसाइटमा राखिएको User Manual मा रहेको छ। उम्मेदवारहरूले विद्युतीय दरखास्त भर्दा व्यक्तिगत विवरण शुद्धसँग भरी विवरण दुरुस्त भएको आफैँले सुनिश्चित गर्नुपर्नेछ। विवरण भर्दा अनिवार्य रूपमा उम्मेदवारहरूले आफ्नै मोबाइल नम्बर र इमेल ठेगाना उल्लेख गर्नुपर्नेछ।
**दरखास्त दस्तुरः-** दरखास्त दस्तुर रु. ५००।- (पाँच सय) बुझाउनु पर्नेछ। फरक पाठ्यक्रम भएका अप्राविधिक पदहरूमा अन्तर तहको दरखास्त दस्तुर पनि खुला सरहकै तर प्राविधिक तर्फका समान पाठ्यक्रम भएका पदहरूको अन्तर तह र समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूह/पत्रको प्रत्येकको लागि रु. २००/- (दुई सय) का दरले थप दस्तुर बुझाउनुपर्नेछ।

नोटः विज्ञापन सम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइटमा प्रकाशन गरिनेछ।